**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung **ISSN: 2392-4438**

# बालविकासमा सहजकर्ता र व्यवस्थापकको भूमिका

उपप्रा. शिवप्रसाद पौडेल
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
Email: paudelshiva82@gmail.com

**लेखसार**

यो अध्ययन प्रारम्भिक बालविकास सहजकर्ताले बालविकासमा खेलेको भूमिका र केन्द्रको व्यवस्थापकीय पक्षले बालविकासमा पारेको प्रभावमा केन्द्रित रहेर गरिएको छ । अध्ययनको लागि बागलुङ जिल्ला गल्कोट नगरपालिका वार्ड नं. आठका चारवटा प्रारम्भिक बालविकास केन्द्रलाई आधार बनाइएको छ। सुविधाजनक विधिको प्रयोग गरी त्यहाँका भौतिक अवस्था, सहजकर्ता, मातृ विद्यालयका प्र.अ., व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थीका अभिभावकलाई नमूनाको रूपमा छनौट गरी सूचना सङ्कलनमा अभिभावकसँग समूह छलफल, प्र.अ. र सहजकर्ताका लागि प्रश्नावली, अवलोकन फारम र अन्तरवार्ताबाट प्राप्त तथ्यलाई विकसित सिद्धान्तको उपयोग गरी विश्लेषण गरिएको छ। सम्पूर्ण व्यवस्थापकीय पक्ष तथा सहजकर्ताका व्यवहारलाई सीमा निर्धारण गरी मिश्रित अनुसन्धान विधिको प्रयोग गरी यो अध्ययन गरिएको छ। यसबाट सहजकर्ताले उपलब्ध सीमित स्रोत र साधनका बाबजुद पनि कर्तव्यनिष्ठ भएर बालकको सर्वाङ्गीण विकासमा सकरात्मक भूमिका निर्वाह गरेको र व्यवस्थापकीय पक्षले पनि उपलब्ध भएका स्रोतसाधनलाई उचित व्यवस्थापनद्वारा बालमैत्रीपूर्ण व्यवस्थापन गरेर बालविकासमा सहयोग पुऱ्याए तापनि सहजकर्ता सन्तुष्ट नभएको कारण कार्यान्वयनमा देखिएका समस्यालाई निवारण गर्न विविध स्रोतबाट आर्थिक स्रोत जुटाएर सन्तुष्ट हुने वातावरणको सिर्जना गर्न सकिने कुरालाई यस अध्ययनबाट देखाउन खोजिएको छ।

*शब्दकुञ्जी :* उत्प्रेरक, प्रारम्भिक बालविकास केन्द्र, पूर्व विद्यालय, मातृ विद्यालय, व्यवस्थापन समिति, योजनाकार, सहजकर्ता ।

## परिचय

प्रारम्भिक बालविकास कार्यक्रम भन्नाले प्राथमिक कक्षामा भर्ना हुनका लागि निर्धारित पाँच वर्ष उमेर पूरा भई नसकेका बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकासलगायत सर्वाङ्गीण विकासका लागि सञ्चालन गरिने कार्यक्रम भन्ने सम्झनुपर्दछ (प्रारम्भिक बालविकास कार्यक्रमसम्बन्धी निर्देशिका, २०६१) । राष्ट्रिय पाठ्क्रम प्रारूप २०७६ ले विद्यालय शिक्षा दुई तह, आधारभूत (१-८) र माध्यामिक (९-१२) तोकेको छ। त्यस संरचनाभन्दा पूर्व ४ वर्ष पूरा भएर वर्ष ५ पूरा नहुँदैको उमेरलाई प्राम्भिक बालविकासको उमेर मानिएको छ। जहाँ सिकाइमा भन्दा तालिममा जोड दिइएको हुन्छ। यसका माध्यमबाट बालबालिकाका विभिन्न व्यावहारिक कुरामा बानीको विकास हुन्छ । त्यस्तै २०७५ सालको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी बनेको विधेयकमा चार वर्ष (४८ महिना) पूरा गरेका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अगाडि दिइने एक वर्ष अवधिको शिक्षालाई पूर्वप्राथमिक कक्षा अथवा प्रारम्भिक बालविकास तथा शिक्षा भनिएको छ (यनिसेफ,२०१९) । शिक्षाका तहगत र राष्ट्रिय उद्देश्यहरूलाई पूरा गर्न सक्ने विद्यार्थीको आधार निर्माण यसै अवस्थामा हुने हुनाले के कसरी भाषागत, पूर्व गणित, विज्ञान क्षेत्र, निर्माण, सिर्जनात्मक अभिनय क्षेत्रमा अवधारणा विकास गर्न सकिन्छ भन्ने कुरा प्राराम्भिक बाल विकास केन्द्रको सहजकर्ताको चुनौतीको विषय हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले तोकेका राष्ट्रिय तथा तहगत शिक्षाका उद्देश्यहरू परिपूर्ति गर्न पनि प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकालाई उचित किसिमको मार्गदर्शन गर्नु आवश्यक छ।

पूर्वप्राथमिक विद्यालयको सुरुवात युरोपमा औद्योगिक क्रान्तिको समयमा भएको हो । औद्योगिक क्रान्तिले गर्दा कामदारहरूको माग अत्याधिक बढ्यो । पुरुष कामदारले मात्र नपुगेपछि महिलाहरूले पनि कारखानामा काम पाए । पुरानो सामाजिक संरचनामा परिवर्तन थियो। संयुक्त परिवार प्रथा विस्तारै कम हुँदै गयो। औद्योगिक क्रान्तिपछि एकल परिवारहरूमा बालबालिकाको हेरचाह गर्ने मान्छेको अभाव खट्कियो । त्यसैले रबर्ट ओवेनले् १९९६ मा स्कटल्यान्डको न्यूल्यानमार्कमा कारखानामा काम गर्ने महिलाका बालबालिकाहरूका लागि शिशु स्कुलको सुरुवात (अर्याल, २०६३) मा उल्लेख गरिएको छ।

सन् १८१९ मा स्यामुयल वाइल्डस्मिनले लन्डनमा र सन् १८२८ मा थेरेसा बुन्सजिकले हङ्गेरीको बुडामा यस्तै शिशु कक्षा एन्जेल गार्डन खोले। सन् १८३७ जर्मनीमा फ्रोबेलले 'प्ले एन्ड एक्टिभिटी इन्स्टिच्युट' को स्थापना गरे। सन् १८४० मा त्यही संस्थाको नाम परिवर्तन गरी किन्डरगार्डेन राखेको कुरा (शर्मा र शर्मा, २०५६) ले उल्लेख गरेका छन् । सन् २००० मा सेनेगलको राजधानी डकारमा आयोजना भएको सम्मेलनको सबैका लागि शिक्षा कार्यक्रमलाई एक अभियानको रूपमा लिइयो । नेपाल पनि यस अभियानमा आफ्ना अठोट र प्रतिबद्धताका साथ लागेको छ। सन् २०१५ सम्ममा ७४ हजार बालविकास केन्द्र स्थापना गर्ने लक्ष्य राखेको थियो। हाल यो कार्यक्रम दुई तरिकाले सञ्चालन गरिएको छ। विद्यालयमा आधारित पूर्व प्राथमिक शिशु कक्षा र समुदायमा आधारित प्रारम्भिक बालविकास शिशु केन्द्रहरू हालसम्म करिब ३६०९२ बालविकास केन्द्रहरू स्थापना भइसकेका छन् (अधिकारी, २०७२) । नेपालमा वि.सं. २००७ सालमा सरकारी स्तरबाट मन्टेश्वरी स्कुलको स्थापनापश्चात् शिशु शिक्षाको सुरुवात भएको पाइन्छ। राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले "३ वर्षदेखि ५ वर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई प्रदान गरिने शिक्षालाई पूर्व प्राथमिक शिक्षा भनिन्छ" भनेको छ (अर्याल, २०६३) । मनोवैज्ञानिकहरूले यस उमेर समूहलाई पूर्व समूहको उमेर, खोजपूर्ण अवस्था, प्रश्नपूर्ण अवस्था, अनुकरण गर्ने अवस्था,

**Article information**
**Received**: 10 September, 2023
**Accepted:** 26 Septeber, 2023
Published: 9 October, 2023

© by author: This article is licensed under the terms and condition of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/)

सिर्जनशील अवस्था भनेर उल्लेख गरेका छन् । तसर्थ यस उमेर समूहमा उनीहरूले जस्तो वातावरण पाउँदछन् त्यस्तै किसिमको सिकाइ गर्दछन् (जवरा, २०७७) । यस्तो अवस्थामा प्रभावकारी शिक्षण गर्न बालविकास केन्द्रका सहजकर्ताको भूमिकालाई सिकाइको महत्त्वपूर्ण अङ्गका रुपमा लिन सकिन्छ ।

प्रारम्भिक बालविकास केन्द्र तालिम स्रोत सामग्री २०७४ का अनुसार बालविकास सहजकर्ता तालिम प्राप्त, मायालु, सहयोगी, संरक्षककर्ता, स्वास्थ्यकर्मी, उत्प्रेरक, योजनाकार, व्यवस्थापक, अन्तर्क्रियाकर्मी, अभिलेख कर्ता, समन्वयकर्ता, स्रोतदाताजस्ता गुण व्यवहार तथा भूमिका निर्वाह गर्नुपर्ने भनी उल्लेख गरेको छ । यी र यस्ता भूमिका निर्वाह गर्ने बालविकास सहजकर्ताले सहज असहज केकस्ता समस्या भोग्न परेको छ भन्ने बारेमा समेत राज्यले चासो दिनुपर्दछ ।

चारदेखि पाँच वर्ष उमेर समूहका बालबालिकाहरूलाई उनीहरूको चौतर्फी विकासका साथै व्यवस्थित रूपमा उनीहरूको रुचि, चाहना, आवश्यकता र स्वास्थ्यको ख्याल गरी विद्यालयीय शिक्षामा प्रवेश गराउनु पूर्वका लागि व्यवस्थापन गरिएको संस्था वा केन्द्र नै बालविकास केन्द्र हो । यसैगरी बालविकास केन्द्रमा बालबालिकाको सरसफाइ (दिसा, पिसाबसमेत) खाजा व्यवस्थापन, मायालु, ममतामयी, अभिभावकीय तथा मित्रवत् व्यवहार गरी सरकार वा समुदायबाट उपलब्ध गराइएको न्यून तलब सुविधामा बालविकास केन्द्र सञ्चालन र व्यवस्थापनका लागि तालिम प्राप्त जनशक्ति नै सहजकर्ता हो (अर्याल, २०५३) । अतः भविष्यका कर्णधारका रूपमा परिचित आवाजविहीन बालबालिकाहरूको सर्वाङ्गीण विकासमा बालविकास केन्द्रका सहजकर्ताको उल्लेखनीय भूमिका हुन्छ ।

मानव विकास शारीरिक क्रियात्मक, मानसिक, सामाजिक, संवेगात्मक पक्षमा आउने प्रगतिमूलक परिवर्तन हो । त्यसैले बालविकास परिमाणात्मक गुणात्मक परिवर्तनसँग सम्बन्धित छ ( खडका, २०७४) । प्रारम्भिक बालविकास भन्नाले चारदेखि पाँच वर्षसम्मको अवस्थालाई चिनिन्छ । यस उमेरका बालबालिकाहरू विशेष गरी खेलौनासँग रमाउने, जिज्ञासु र अरुको नक्कल गर्ने स्वभावका हुन्छन् । यस अवस्थामा बालबालिकाहरू साथी बनाउने, अनुकरण गर्ने, खेल खेल्ने र विद्यालयसमेत जाने पूर्वबालसमूहको उमेर र पूर्वविद्यालय अथवा विद्यालयको प्रारम्भिक अवस्था भनेर पनि चिनिन्छ । त्यसैले यस अवस्थाका बालबालिकाहरूलाई अभिभावक, सहजकर्ता स्वयंसेवक सबैले आवश्यक सहयोग गरी शारीरिक, मानसिक, सामाजिक, शैक्षिक र संवेगात्मक क्षमताको विकास गराउनेतर्फ ध्यान दिनुपर्दछ (जबरा.,२०७७) ।

भर्खर घरको वातावरणबाट बाहिरी वातावरणमा प्रवेश गरेका बालबालिकालाई उनीहरूको इच्छा चाहना र आवश्यकताअनुसार सकारात्मक व्यवहारहरू सिकाउने एक सहजकर्ताको सबैभन्दा चुनौतीको विषय हो तर उनीहरूको बालविकासमा अत्यन्तै असहज भूमिका निर्वाह गर्नुपर्ने, अन्तर्राष्ट्रिय श्रम संगठनले तोकेको न्यूनतम पारिश्रमिकभन्दा पनि कम बेतन भएको जसको कारण उनीहरूले आफ्नो अनिवार्य आवश्यकता पूरा गर्न केन्द्रबाहेक अन्य ठाउँमा काम गर्नुपर्ने सो को कारण बालविकास केन्द्रमा प्रशस्त समय दिन नसकेको, बालविकास सहजकर्ताको रूपमा काम गर्न बालमनोविज्ञानमा विज्ञता हासिल गरेका शिक्षक तयार नहुनु, समयसमयमा सहजकर्ता फेरिनु परेको जसको कारण बालबालिकामा हुनुपर्ने विकास नभएको बाल सहजकर्ताको भूमिका अस्पष्टता रहेको, कक्षा १२ पास गरेका सहजकर्ताले प्रयाप्त मनोविज्ञान बुझ्न नसक्ने भन्ने कुराहरू सुन्नमा आएकाले उनीहरूका भूमिका र क्रियाकलापले बालविकासमा प्रभाव पार्ने व्यवहारहरू खोजी गर्नु तथा बालविकास सहजकर्ताका वर्तमान समस्याहरू पत्ता लगाउन यो अनुसन्धान गर्नुपरेको हो । त्यस्तै बालविकास सहजकर्ताले केन्द्र र पूर्वप्राथमिक कक्षाको गुणस्तरमा आवश्यक सुधार ल्याउन तथा भएका समस्याहरूको पहिचान गर्न, नीति निर्मातालाई सुझा दिन साथै सहजकर्ताले आफूलाई विभिन्न भूमिकामा प्रस्तुत गरी शिक्षण गर्नुपर्ने यसभित्र केकस्ता समस्या छन्, उनीहरूका भूमिकाले बालविकासमा कस्तो प्रभाव पार्दछ, प्रभावित व्यवहारले थप कक्षा शिक्षणमा कस्तो प्रभाव पार्दछ, त्यो कुराको निष्कर्ष निकाली अभिभावक, व्यवस्थापन समिति, स्थानीय निकाय, सहजकर्तासमेत गरी बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनसमेत यो अनुसन्धान सहयोगी हुनाले यो अनुसन्धान महत्त्वपूर्ण रहेको छ । यसर्थ यो अध्ययन निम्नानुसारका उद्देश्यमा केन्द्रित रहेको छ :

- सहजकर्ताकोभूमिकाले बालविकासमा पारेको प्रभावको अध्ययन गर्नु;
- व्यवस्थापकीय पक्षले बालविकासमा पार्ने प्रभावको मूल्याङ्कन गर्नु ।

यो अध्ययन बागलुङ जिल्ला गल्कोट न.पा. वार्ड नं. ८ मा अवस्थित पचुवा बालविकास केन्द्र, सिस्नेरी बाल विकास केन्द्र, जनहित बालविकास केन्द्र, बाल मनोविज्ञान बालविकास केन्द्र र केन्द्रका सहजकर्ता, केन्द्र व्यवस्थापन समितिका अध्यक्षहरू, मातृ विद्यालयका प्र.अ.अरु, प्रत्येक केन्द्रका अभिभावकहरूमा परिसीमित गरिएको छ ।

## सैद्धान्तिक आधार

रुसोले बालबालिकाको भविष्य तिनका अभिभावक र शिक्षकको हातमा हुन्छ । बालबालिकाले कस्तो शिक्षा पाउँछन् भन्ने कुरा समाज कस्तो प्रकारको शैक्षिक दर्शनबाट प्रभावित छ त्यसमा भर पर्दछ । शिक्षालाई बालकको प्राकृतिक विकाससँग जोड्दै रुसोले बालकलाई प्रकृतिको काखमा फाल, प्रकृतिबाट उसले आफै सिक्छ भनेका छन् । बालकमा जन्मिदा कुनै ज्ञान हुँदैन तर समाजिक वातावरणले उसलाई दूषित बनाउँदछ (सिंह, २०७४) । यो शिक्षा प्राकृतिक वा वास्तविक शिक्षाको पक्षधर भएकाले ठूला-ठूला विद्यालय वा मोटा पुस्तकहरूको विरोध गर्दछ । यस सिद्धान्तअनुसार शिक्षकको भूमिका गौण रहन्छ । शिक्षकले विद्यार्थीलाई कृत्रिम ज्ञान थोपार्नु हुँदैन किनभने कृत्रिमताले बालकको स्वतः ज्ञानको विकास हुँदैन तसर्थ शिक्षक विद्यार्थीको व्यवहार अवलोकन कर्ताको रूपमा, सहायक र मित्रको रूपमा, प्राकृतिक वातावरण निर्माताको रूपमा, विद्यार्थीका स्वेच्छिक क्रियाकलापको उत्प्रेरकको रूपमा भूमिका निर्वाह गर्नुपर्ने कुरामा प्रकृतिवादले जोड दिएको छ ।

फ्रोबेल (१७८३-१८५४) ले प्रतिपादन गरेको प्रसिद्ध शिक्षण पद्धतिलाई बालबगैंचा भनिन्छ । फ्रोबेलको शिक्षणपद्धति बालकेन्द्रित छ, दण्डको व्यवस्था छैन । पारिवारिक वातावरणमा शिक्षा आर्जन गर्ने अवसर प्रदान गरिन्छ, शिक्षण पद्धतिमा खेल विधि अपनाइन्छ । प्रारम्भिक बालविकास केन्द्रहरूमा पनि बगैंचा, बालुवा, ढुङ्गा, चाकाचुली आदिको व्यवस्था हुने र खेल विधिलाई प्रमुख शिक्षण विधि बनाइनुपर्ने हुन्छ (तिमिल्सेना, २०६७) । बालबिकास केन्द्रहरूको शिक्षण विधिलाई पनि किण्डर गार्डेन शिक्षण पद्धतिसँग तुलना गरेर अध्ययन गर्नुपर्ने अपरिहार्यता देखिएकोले फ्रोबेलको बाल बगैंचा विधिलाई अध्ययनको आधार बनाइएको छ ।

इभान पी. प्यालभ (१८४९-१९३६) ले सम्बन्ध प्रत्यावर्तनको सिद्धान्तमार्फत शारीरिक र मानसिक क्रियाको सम्बन्धबाट सिकाइ सम्भव हुने, उत्तेजना र प्रतिक्रियाका बीचमा सम्बन्ध स्थापित भएर सिकाइ हुने तथ्यलाई उजागर गरेका छन् । उनले सम्बन्ध प्रत्यावर्तन सिकाइमा प्रेरणा, पुनर्बल, अभ्यास, आशा र बाधक तत्त्वहरूको अनुपस्थितिलाई अत्यावश्यक तत्त्वको रूपमा लिएका छन् (उप्रेती, २०६८) । शिक्षण क्षेत्रमा बालबालिकाहरूमा राम्रा बानीहरूको विकास गर्न र नराम्रा आदतहरू हटाउन प्याभलभको सिद्धान्त अति नै प्रभावकारी देखिएको हुनाले बालविकासमा हुने क्रियाकलापहरू यो सिद्धान्तको मर्मअनुसार भए नभएको हेर्न खोजिएको छ ।

पूर्व बाल्यावस्थाका बालबालिकाहरू समूहमा खेल्न ज्यादा मन पराउने उमेर भएकाले र अरुको नक्कल जस्ताको तस्तै गर्ने उमेर भएकाले यसलाई खेलौनाको उमेर र अरूको नक्कल गर्ने उमेर पनि भनिन्छ । यस उमेरका केटाकेटीलाई सामाजिकीकरणको अवस्थाको उमेर मानिन्छ (शर्मा, २०५६) । यसप्रकार मानव विकासको क्रममा यो अवस्थालाई ज्यादै महत्त्वपूर्ण मानिन्छ किनभने सामाजिक समायोजनका लागि यस उमेरमा बालबालिकाहरूले धेरै कुरा सिक्ने गर्दछन् ।

प्रारम्भिक बालविकास सिकाइलाई मारिया मन्टेश्वरीको मन्टेश्वरी शिक्षण पद्धतीसँग तुलना गर्न सकिन्छ । उनले बालकलाई साँघुरो घेराबाट बाहिर ल्याई प्रकृतिसँग रमाउँदै सिक्ने वातावरण तयार गर्नुपर्ने बताउँछिन् । उनले बालबालिकालाई डर, धम्की तथा गाली कहिल्यै नगर्न र उनका हरेक क्रियाकलापको मूल्याङ्कन गरी सकारात्मक सुझाव दिन आग्रह गरेकी छिन् । बालबालिकाका प्रत्यक्ष जीवनमा अनिवार्य प्रयोगमा आउने सरसफाई, लवाइखवाइ, लेख्ने पढ्ने, गन्ध सुँघ्ने, गणना गर्ने, खेल खेल्ने, नाटक भन्ने, परिवारमा रमाउने, अरूलाई सहयोग गर्ने, अन्य व्यवहारहरू रुने, हाँस्ने, खुसी व्यक्त गर्ने, गीत गाउने, रङ्ग भर्ने, व्यक्तिगत सरसफाइ, प्रकृतिसँग रमाउन सक्ने जस्ता कुराहरूको मूल्याङ्कन पनि गर्नुपर्दछ । वातावरणमा रहेका विभिन्न वस्तुहरूबाट तिनीहरूको आकार, अवस्था र स्थितिको जानकारी र प्रयोग गर्न सक्ने क्षमता पनि विकास हुनुपर्दछ । यसबाट पनि भन्न सकिन्छ बालविकास सहजकर्ताको फरकफरक भूमिकाले मात्र बालकको चौतर्फी विकास सम्भव छ । तसर्थ एउटा सबल शिक्षकले बालबालिकाका हरेक पक्ष निरन्तर रूपमा मूल्याङ्कन गर्नुपर्ने उल्लेख गरेकी छिन् (शर्मा र शर्मा, २०७४) । यसकारण मन्टेश्वरीको पद्धतिलाई अवलम्बन गर्दा बालविकासमा सहजै टेवा दिन सकिन्छ ।

कुनै पनि विद्यार्थीको मूल्याङ्कन कापी र पेन्सिलको माध्यमबाट मात्र हुन सक्दैन । आवधिक (३ महिना, ६ महिना र १ वर्ष) मूल्याङ्कन प्रणालीले उसको सम्पूर्णताको मूल्याङ्कन गर्न सकिँदैन भनेर पियाजेले बालबालिका बीचको अन्तरक्रिया, सिकारुको आवश्यकता, इच्छा र समाजको मागअनुसार उनीहरूको व्यवहार, समुदाय सम्पर्क र संग्लनतामा आधारित शिक्षण हुनुपर्दछ (तिमिल्सिना, २०६७) ।

माथिका कुराहरूलाई हेर्दा बालबालिकाको चौतर्फी विकासको लागि उनीहरूको इच्छा चाहना, आवश्यकता र क्षमताअनुसारको व्यवहार गर्नु आवश्यक छ साथै उनीहरूको वातावरण बालमैत्री, मायालु र प्राकृतिक हुनु आवश्यक देखिन्छ । यस्तो वातावरण सिर्जना गर्नु र आफ्नो भूमिका बालबालिकाको आवश्यकताअनुसार परिवर्तन गर्नु बाल सहजकर्ताले निर्माण गर्नुपर्दछ भने व्यवस्थापकीय पक्षले पनि सोहीअनुसार भौतिक संरचना निर्माण गर्नुपर्दछ ।

## अध्ययन विधि र अनुसन्धान ढाँचा

यो अनुसन्धान गुणात्मक तथा परिमाणात्मक मिश्रित ढाँचामा आधारित रहेको छ । अध्ययनको उद्देश्य पूरा गर्न सङ्कलित साङ्खिक र शाब्दिक तथ्याङ्कहरूलाई तार्किक विधिबाट विश्लेषण गरी निष्कर्षमा पुग्न सकिन्छ (खनाल,२०७१) । सूचनाको लागि कक्षाकोठाको लागि अवलोकन फारम, प्र.अ.र सहजकर्ताको लागि अन्तरवार्ता निर्देशिका, अभिभावकका लागि लक्षित समूह छलफल निर्देशिकाजस्ता साधनबाट सङ्कलित प्राथमिक सूचनाको प्रयोग गरिएको छ। साथै यस कार्यलाई पूरा गर्न यस सम्बन्धित बुलेटिन, पुस्तक, लेख, रचना र अनुसन्धान प्रतिवेदनबाट जानकारी लिई गौण तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनको जनसङ्ख्याको रूपमा सुविधाजनक नमूना छनौटबाट प्रारम्भिक बालविकास केन्द्र, उद्देश्यमूलक नमूना छनौटबाट सहजकर्ता, सुविधाजनक नमूना छनौटबाट पाँचजना अभिभावकहरू, उद्देश्यमूलक नमूना छनौटबाट मातृ विद्यालयका प्र.अ.हरूलाई लिइएको छ ।

## प्राप्ति र छलफल

प्रारम्भिक बाल्यावस्थामा पाउने वातावरणले बालबालिकाको भावी जीवनमा महत्त्वपूर्ण प्रभाव पार्दछ । यस उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र उनीहरू भविष्यमा सफल हुन सक्छन् । यसका लागि प्रारम्भिक बालविकास कार्यक्रम सहजकर्ताको प्रमुख भूमिका रहन्छ । यसै यथार्थलाई आत्मसात् गर्दै बागलुङ जिल्लामा सञ्चालित बालविकास केन्द्रहरूको वास्तविक अवस्था कस्तो छ र प्रारम्भिक बालविकास कार्यक्रम सहजकर्ताको भूमिकाले पारेको प्रभावसम्बन्धी प्राप्त गरिएका तथ्याङ्क, जानकारी, सूचना तथा प्रतिक्रियाको विवरणलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

### प्रारम्भिक बालविकासमा सहजकर्ताको भूमिका

प्रत्येक बालबाालिकालाई समान रूपले माया र राम्रो व्यवहार गर्ने, आवश्यकताअनुसार सहयोग गर्न हरदम तत्पर रहने, प्रत्येक बालबालिकाको लागि सुरक्षित महसुस गराउन सक्ने, मायालु तवरले नम्र व्यवहार गर्ने रुचि भएका, बालबालिकाको स्वास्थ्य अवस्था, मनोविज्ञान, रुचि र आवश्यकता बुझ्न सक्ने, बाल सक्रियतालाई बढवा दिने, अभिभावकसँग अन्तरक्रिया गर्न रुचि राख्ने, सिकाइ सामग्रीहरूको उचित प्रयोग गर्न सक्ने सीपमूलक, कथा, गीत, कविता भन्न तथा नृत्य गर्न जान्ने, नेपाली संस्कार, सँस्कृति, जात्रापर्व, चाडबाड बुझेको, बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक विकासलाई सहयोगी बन्न सक्ने क्षमता भएको मृदुभाषी, पेसाप्रति आस्थावान्, अनुशासित, सदाचारी, सच्चरित्र भएको न्यूनतम अनुभव र सीपलाई जनशक्तिको वान्छनीय योग्यता मानिन्छ (प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन निर्देशिका, २०७६) ।

बालकको चौतर्फी विकासका लागि आमापछिको शिक्षक सहजकर्ताले उसको इच्छा एवम् प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताले बालकको चौतर्फी विकासमा उनीहरूका इच्छा, चाहना, आवश्यकताअनुसार आफूलाई विभिन्न भूमिकामा प्रस्तुत गरी सिकाइ सहजीकरण गर्नुपर्ने देखिन्छ । (प्रारम्भिक बालविकास पाठ्यक्रम, २०७६) । यसै प्रयोजनमा अध्ययनका क्रममा प्राप्त तथ्यमा रही सहजकर्ताका भूमिकालाई यस प्रकार व्याख्या गरिएको छ ।

### उत्प्रेरक

बालकलाई कृत्रिम मात्र होइन, प्राकृतिक वातावरण सिर्जना गरी उसका अन्तरनिहित इच्छा, चाहना र प्रतिभालाई उजागर गरी शिक्षण गर्नुपर्दछ (ढुङ्गाना, २०७२) भन्ने प्रकृतिवाद र रुसोको सिद्धान्तलाई समेत मध्यनजर गरी सहजकर्ताले कसरी उत्प्रेरणा प्रदान गरेका छन् भन्ने सन्दर्भमा स्थलगत अध्ययन गर्दा उनीहरूले बालबालिकालाई रमाइलो वातावरण सिर्जना गरी खेल, गीत र कविताको माध्यमबाट शिक्षण गरेको पाइयो । यस विषयमा प्र.अ., अभिभावकसँगको अन्तरवार्ता र समूह छलफल समेत गरेकोले प्र.अ.ले "उपयुक्त वातावरण सिर्जना गरी बालकमा लुकेर रहेको सिर्जना उजागर गर्न सहजकर्ताले उत्प्रेरणा प्रदान गरेको" आफूले देखेको बताउनु भयो साथै अभिभावकले "बालबालिका घरमा भन्दा केन्द्रमा र सहजकर्तासँग खुशी रहेको" बताउनुभयो ।

### योजनाकार र व्यवस्थापक

प्रधानाध्यपक, अभिभावक र सहजकर्ताको सामूहिक छलफलबाट सहजकर्ताले "आफ्नो विवेकले भ्याएसम्म शैक्षिक योजना, व्यवस्थापन योजना निर्माण गरेको, केन्द्रभित्र र बाहिरको व्यवस्थापन गरेको" बताउनुभयो । "केन्द्रभित्र नै वास्तविक प्रकृतिमा प्रवेश गरेको अनुभव भएको । "यो शिक्षण पद्धति मारिया मन्टेश्वरीको शिक्षण सिद्धान्तसँग मेल खाएको" कुरा प्र.अ.ले बताउनुभयो । अभिभावकले "आफू र बच्चा सिकाइ केन्द्रसँग सन्तुष्ट रहेको" बताउनुभयो भने सहजकर्ताले "अतिरिक्त थप भौतिक व्यवस्थापनमा प्र.अ. र अभिभावकबाट अपेक्षा गरेको" जानकारी दिनुभयो ।

### स्वास्थ्यकर्मी र संरक्षक

स्वास्थ्य नै सर्वोत्तम धन हो यसै अनुरूप स्थलगत अनुसन्धानको क्रममा विभिन्न साधनको प्रयोग गरेर अनुसन्धान गर्दा सहजकर्ताले बालबालिकालाई हात धुने, ब्रस गर्ने, कपाल कोर्ने, शौचालयको प्रयोग गर्ने कुरामा जोड दिँदै पूर्ण सरसफाइ रहन स्वास्थ्यकर्मीको भूमिका निर्वाह गरेको देखियो । छलफलको क्रममा "विद्यालयमा सिकेको कारण घरमा पनि त्यही व्यवहारहरू गर्ने" भनी अभिभावकले बताउनुभयो । साथै "बालबालिकाका यस्ता व्यवहारबाट आफू सन्तुष्ट रहेको" कुरा प्र.अ.ले समेत भन्नुभयो । यसबाट प्याभलबको व्यवहारवादी सिद्धान्तसँग मिल्दो देखिन्छ । "सिकाइ केन्द्रमा आएदेखि ननिस्कुन्जेल उनीहरूको सुरक्षामा पूर्ण खट्नुपर्ने" साथै "सहजकर्ताका व्यवहारबाट आफू ढुक्क भएर बच्चा केन्द्रमा पठाएको" अभिभावकले बताउनुभयो ।

### सहयोगी र समन्वयकर्ता

बालविकास केन्द्रमा आएदेखि ननिस्कुन्जेल सहजकर्ताहरूले समय-समयमा उनीहरूका व्यवहार अवलोकन गरी, व्यवहारमा सुधार गरेको, सकारात्मक प्रतिक्रिया गरेको, विभिन्न उदाहरणबाट सिकाइ गरेको, अप्ठ्यारोलाई सहजीकरण गरिदिएको पाइयो । यस विषयमा भने प्र.अ. सन्तुष्ट रहेको "बेलाबेलामा अनुसन्धान गरेको र सहजकर्ताको भूमिकामा कुनै कसर बाँकी नरहेको" बताउनुभयो । बेलाबेलामा बालकका परिवर्तित व्यवहारबारे अभिभावकसँग छलफल गरी समस्या समाधान गर्ने गरेको निष्कर्ष निकालिएको छ ।

### व्यवस्थापकीय पक्षले बालविकासमा पारेको प्रभाव

हरेक बालबालिकाले बाहिरी वातावरणको प्रभावबाट पनि आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त गर्दछ । त्यस्तो वातावरण अवस्था निर्माण उसका अभिभावक, समाज तथा शिक्षकबाट हुन जरुरी छ । यहाँ बालकको सर्वाङ्गीण विकासमा केन्द्रको व्यवस्थापकीय पक्षले कस्तो असर पार्दछ भन्ने बारेमा अध्ययन गरिएको छ । अध्ययनको क्रममा व्यवस्थापकीय क्षेत्रका विभिन्न पक्षको अध्ययन गरिएको छ ।

### बालबिकास केन्द्रको भौतिक अवस्था

भौतिक अवस्था भन्नाले बाहिरबाट देखिने सम्पूर्ण व्यवस्थापन पर्दछ (शर्मा र शर्मा, २०७४) । यहाँ बालकाविकास केन्द्रको कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी, फर्निचर, हावा र प्रकाशजस्ता भौतिक पक्षमा केन्द्रित रही स्थलगत अवलोकन, छलफल, प्रश्नोत्तरजस्ता क्रियाकलाप सञ्चालन गरी सूचना सङ्कलन गरिएको थियो, जसलाई यहाँ विश्लेषण गरिएको छ ।

### कक्षाकोठाको आकार, हावा र प्रकाश

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका विद्यालयहरूको भौतिक अवस्था अध्ययन गर्ने क्रममा नमूना छनोटमा परेका विद्यालयहरूका बालविकास कार्यक्रमसँग सम्बन्धित कक्षाकोठा, फर्निचर, खेल मैदान, शौचालय, पिउने पानीको अवस्थालाई अध्ययन गरिएको छ । कक्षाकोठाको आकारप्रति विद्यार्थी १३ वर्ग फिट हुनुपर्छ ( गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७) । कोठाको आकार बालविकास केन्द्रहरूमा बालबालिकाहरू बस्ने कोठाको आकार कम्तीमा २९० वर्ग फिट देखि ३६० वर्ग फिटसम्म रहेको पाइयो । यसरी कक्षाकोठाको क्षेत्रफल औसतमा हेर्ने हो भने २९४ वर्ग फिट देखिन्छ जसमा प्रति विद्यार्थी क्षेत्रफल औसतमा १२.५ वर्ग फिट रहेको पाइयो जुन अन्तराष्ट्रिय मापदण्ड (प्रति विद्यार्थी १३ वर्ग फिट) सँग मेल खाने देखिन्छ ।

**तालिका १** : बालबालिका बस्ने कोठाको क्षेत्रफल (वर्ग फिटमा)

| क स | बालविकास केन्द्र | कक्षा कोठा |
|---|---|---|
| १ | पचुवा बालविकास केन्द्र | ३६० वर्ग फिट |
| २ | सिस्नेरी बालविकास केन्द्र | २९४ वर्ग फिट |
| ३ | जनहित विकास केन्द्र | ३०० वर्ग फिट |
| ४ | बालविज्ञान बालविकास केन्द्र | ३५० वर्ग फिट |

*स्रोत : स्थलगत अध्ययन, २०८० ।*

माथिको तालिकाबाट सबै बालकविकास केन्द्रको कक्षाकोठाको आकार उपयुक्त, हावा ओहोरदोहोर र प्रकाशको पनि पर्याप्तता उपयुक्त नै देखिन्छ जसको फलस्वरूप बालबालिका खुशी भएर खेल्ने र सिक्ने गरेको पाइन्छ । छलफलको क्रममा अभिभावकले "बालबच्चा सफा कार्पेट, उज्यालो कोठामा बस्न पाउँदा खुशी भएको" बताउनुभयो । अभिभावकहरू र प्र.अ.ले पनि "कक्षाकोठा व्यवस्थापन राम्रो भएकोले सिकाइमा सकारात्मक प्रभाव परेको" बताउनुभयो ।

### शौचालय

शौचालयको प्रयोगबाट बालबालिकाले स्वास्थ्यसम्बन्धी महत्त्वपूर्ण व्यवहार सिक्ने हुनाले यसको अवस्था र उपयुक्त प्रयोग के छ भन्ने बारेमा अध्ययन गरिएको थियो । अध्ययनको क्रममा तीन वटा केन्द्रमा बालबालिकाको लागि छुट्टै शौचालय, पानी र साबुनको व्यवस्था रहेको पाइयो । एक बालविकास केन्द्र विद्यालयकै भवनमा सञ्चालन भएकोले छुट्टै शौचालय नभएको तर धारा भने बालमैत्री भएको देखियो । यसको सम्बन्धमा प्र.अ.ले "आफू छिट्टै त्यसको व्यवस्थापनमा लाग्ने" प्रतिवद्धता व्यक्त गर्नुभयो । अभिभावकले "शौचालयको उचित प्रयोग गर्न घरमा पनि अन्य सदस्यलाई आग्रह गर्नेगरेको" बताउनुभयो । जसको कारणबाट

बालबालिका उत्प्रेरित भएर सिक्ने गरेको, व्यवहारिक सीप हासिल गरेको र स्वस्थ रहने गरेको पाइयो ।

**फर्निचर र सजावट**

स्थलगत अध्ययनको क्रममा साना नानीहरूको कोठामा बसाइ सहज बनाउन सबै केन्द्रका कोठाहरूमा कार्पेटको व्यवस्था गरेको तर चकटीको व्यवस्थापन भने नगरिएको पाइयो । बस्ने कोठाको वातावरणले बालबालिकामा सकारात्मक प्रभाव पार्ने तथ्यलाई केन्द्रहरूको अवलोकनबाट देखियो भने सहजकर्ताले कक्षाकोठाको सजावट र रङ्ग रोगनमा समेत ध्यान पुऱ्याएको पाइयो । कोठाहरूमा नेपाली वर्णमाला, कागजबाट निर्मित शैक्षिक सामग्री, अंग्रेजी वर्णमालाका चित्रहरू, भित्तेलेखनहरू थिए । कक्षाकोठामा सिकाइ वातावरण उपयुक्त नै रहेको देखियो । छलफल तथा अन्तरवार्ताबाट अभिभावक सन्तुष्ट रहेको पाइयो भने प्र.अ.ले "सहजकर्ताले अझ धेरै कम मूल्य र विना मूल्यका सामग्री प्रयोग गरेर शिक्षण सिकाइ सामग्री बनाउन" सुझाव दिनुभयो ।

**खेल मैदान**

अध्ययनका क्रममा छनोटमा परेका बालविकासमध्ये तीनवटा केन्द्रमा छुट्टै खेल मैदान भए पनि पर्याप्त मात्रामा खेलकूद सामग्री नभएको देखियो । एक बालविकास केन्द्रमा छुट्टै खेल मैदान नहुँदा समस्या देखियो । "सँगैको खेलमैदानको छेउमा लगेर खेल खेलाउँदा ठाउँको अभाव, ठूला केटाकेटीको पेलाई, चोटपटकको समस्या भएको" सहजकर्ताले बताउनुभयो । अभिभावकले यस विषयमा खासै प्रतिक्रिया नदिए पनि प्र.अ. र अध्यक्षले "आफूले गर्न नसकेको" कुरा स्विकार्नुभयो । सहजकर्ताले जे छ त्यसैमा पनि लुकामारी,तातो आलु, दौड, भित्रबाहिर जस्ताखेल खेलाएर बालबालिलाई अभावको महसूस हुन नदिएको बताउनुभयो । जसको कारणले बालबालिकाले रमाइलो वातावरणमा आफ्नो प्रतिभाहरू देखाउन पाएको र मिलेर बस्ने, पालो पर्खने, अनुशासनपूर्वक बस्ने जस्ता व्यावहारिक सीपहरू हासिल गरेको देखियो ।

**पिउने पानी**

यस अध्ययनको क्रममा सबै बालविकास केन्द्रमा पानीको उपयुक्त व्यवस्था भएको पाइयो । तीनवटा बालविकास केन्द्रका कक्षाकोठामा नै गाग्रीमा पानी राखी गिलासबाट बालबालिकाहरूले पिउने गरेको पाइयो भने दुईवटामा उनीहरूका लागि अलग्गै धाराको व्यवस्था मिलाएको पाइयो । गाग्री वा धाराबाट जसरी प्रयोग गरे तापनि सहजकर्ताले हात धोएर गिलास सफा गरेर समय समयमा बालबालिकालाई पानी पिउन उत्प्रेरणा प्रदान गरेको पाइयो । दुई वटा बालविकास केन्द्रमा फिल्टरको व्यवस्था भएकाले बालबालिका र अभिभावकले "फिल्टरको पानी पिउनका लागि योग्य भएको" प्रतिक्रिया दिनुभयो । अध्यक्ष र प्र.अ. हरूले "नपुग केन्द्रमा फिल्टर ल्याउन स्रोतको खोजी गरेको" कुरा बताउनुभयो ।

**शैक्षिक सामग्रीको अवस्था र विद्यार्थीको औषत उपलब्धि** "विविध किसिमका मनोरञ्जनात्मक शिक्षण-सिकाइ क्रियाकलापको माध्यमद्वारा चार र पाँच वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूको सवार्डगीण विकास गरी उनीहरूलाई प्राथमिक विद्यालयका लागि तयार गराउने" प्रारम्भिक बालविकास पाठ्यक्रम ,२०६२) भन्ने प्रारम्भिक बालविकास कार्यक्रमको मूल उद्देश्य यहाँ पूरा नभएको देखिन्छ । किनकि तीनवटा विद्यालयमा बालबालिकाको लागि खरिद गरिएका सामग्रीहरू अन्य कोठाहरूमा नै थन्क्याइएका थिए । पाठ्यक्रमले कक्षा बाहिरको व्यवस्थापनमा पिङ, चिप्लेटी, सुरुङ्ग, पानी खेल, बालुवा खेल क्षेत्रको व्यवस्था गर्न सकिने कुराहरू औंल्याएको भए तापनि ती सबै बालविकास केन्द्रमा पूरा हुन सकेको देखिएन । जसले गर्दा बालबालिकाहरूको सर्वाङ्गीण पक्षको विकासमा अवरोध उत्पन्न भएको देखिन्छ ।

शैक्षिक सामग्रीको उपयोगले बालबालिकाको शैक्षिक उपलब्धिमा समेत प्रभाव पार्ने भएकाले प्रारम्भिक बालविकास केन्द्रको अनुभव र सोझै कक्षा एकमा भर्ना हुन आउने विद्यार्थीको औसत उपलब्धि समेत मूल्याङ्कन गरिएको छ ।

**तालिका २ : विद्यार्थीको औसत प्राप्ताङ्कको विवरण (प्रतिसतमा)**

| विषय | बालविकासबाट आएका बालबालिकाको प्राप्ताङ्क | सिधै कक्षामा भर्ना भएका बालबालिकाको प्राप्ताङ्क |
|---|---|---|
| नेपाली | ६५ | ५५ |
| अङ्ग्रेजी | ६८ | ५२ |
| गणीत | ६० | ५० |
| सामाजिक तथा सृजनात्मक | ७८ | ५४ |
| विज्ञान स्वास्थ्य तथा शारीरिक | ६६ | ५८ |
| स्थानीय पाठ्यक्रम | ७० | ६० |
| जम्मा प्रतिशत | ६८ | ५५ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०८० ।*

माथिको तालिकाबाट प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त गर्ने बालबालिकाहरुले कक्षा एकमा प्राप्त गरेको विषयगत औसत उपलब्धि अप्राप्त बालबालिकाको तुलनामा उच्च रहेको स्पष्ट देखिन्छ । उक्त तालिका कक्षा एकमा समावेश छवटै विषयहरूमा अवसर प्राप्त बालबालिकाको र अप्राप्त बालबालिकाको औसत प्राप्ताङ्कमध्ये अवसर प्राप्त बालबालिकाले सामाजिक तथा सिर्जनात्मक कला मा सबैभन्दा उच्च औसत ७८ अङ्क प्राप्त गरेका छन् भने यस विषयमा अवसर अप्राप्तको औसत अङ्क ५४ रहेको छ । बालशिक्षा अवसर प्राप्त र अप्राप्त बालकको औसत उपलब्धिमा किन यति धेरै फरक भनी गरिएको प्रश्नमा प्र.अ.हरू "बालविकास केन्द्रमा सिकाइप्रति सकारात्मक उत्प्रेरणा र हरेक व्यवहारहरू सकारात्मक रूपमा सिकाइने, पढ्नुपर्छ भन्ने भावना जागृत आफै हुने तर सोझै कक्षा १ मा भर्ना हुने बालबालिकामा अल्छीपन, कम जिज्ञासु र कम मेहनती रहेको साथै बालविकास सहजकर्ताले बालकको चौतर्फी विकासको जग बसालिदिएकोमा धन्यवाद दिने" जस्ता प्रतिक्रिया दिनुभयो ।

**दिवा खाजाको व्यवस्था**

विगतमा नगर शिक्षा कार्यालयबाट प्रति विद्यार्थी प्रति दिन रु १५ का दरले खाजा रकम सम्बन्धित विद्यालयमा निकासा पठाउने र समुदायमा आधारित बालविकास केन्द्रहरूले सम्बन्धित विद्यालयबाट खर्चको बिल भर्पाइ पेस गरी रकम बुझ्ने गरे तापनि आ.व.२०८० बाट उक्त रकम कटौती गरेको र विद्यालयले आन्तरिक स्तरबाट व्यवस्थापन गरेको पाइयो । बालबालिकालाई दिउँसो १२ देखि १ बजेको बीचमा चना, चिउरा, भुजा, तरकारी आदि खाजाको रूपमा खुवाइने गरेको पाइयो । खाजा खुवाउन व्यवस्थित ठाउँको अभाव रहनु केन्द्र सबैको साझा समस्या देखिन्छ । दिवा खाजाको व्यवस्थापछि बालबालिकाहरू नियमित रूपमा केन्द्रमा आउने र केन्द्रमा समयसम्म बस्ने क्रम वृद्धि भएको तथ्यलाई सहजकर्ता, प्रधानाध्यापक र वि.व्य.स. अध्यक्ष सबैले

बताउनुहुन्छ।  दिवाखाजा कार्यक्रमले बालबालिकाको भर्ना दरमा सुधार ल्याएको कक्षाबाट समय अगावै भाग्ने क्रम रोकिएको र अभिभावकलाई पनि भ्याइ- नभ्याइ खाजा लिएर केन्द्रमा पुग्नुपर्ने बाध्यता हटेको पाइयो । यसबाट दिवाखाजा कार्यक्रमको उद्देश्य पूरा भएको देखिन्छ ।

जसरी प्याभलभले प्रेरणाले सिकाइमा ठूलो महत्त्व राखेको हुन्छ भन्छन्, त्यसरी नै बालबालिकालाई दिवा खाजा कार्यक्रमले विद्यालय नियमित रूपमा आउन प्रेरित गरेको छ ।

### नियमितता

विद्यालयमा विद्यार्थीको निरन्तरताले विभिन्न व्यवहारको अध्ययन गर्न सकिन्छ। नियमित हुने विद्यार्थीले भाषा, विज्ञान र गणितजस्ता व्यावहारिक सीप हासिल गर्न सक्दछन् । यहाँ बालविकास केन्द्रमा विद्यार्थी कति दिन उपस्थित छन् र यसले सिकाइमा कस्तो प्रभाव पार्दछ भन्ने विषयमा हेर्न खोजिएको छ :

**तालिका ३** : बालबालिका नियमितता

| क.स. | बालविकास केन्द्र | कक्षा सञ्चालन भएको दिन | विद्यार्थीको औसत उपस्थिति |
|---|---|---|---|
| १. | पचुवा बालविकास केन्द्र | १५० | १४० |
| २. | सिस्नेरी बालविकास केन्द्र | १४५ | १३५ |
| ३. | जनहित बालविकास केन्द्र | १३५ | १३० |
| ४. | बालमनोविज्ञान बालविकास केन्द्र | १३० | १२५ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०८० ।*

मथिको तालिकाबाट, कक्षा सञ्चालन भएको अवधिमा बालबालिकाको अधिकतम उपस्थिति पचुवा बालविकास केन्द्रको १५० दिन र न्युनतम श्री बालविज्ञान बालविकास केन्द्रको १३० दिन रहेको देखिन्छ। कक्षा सञ्चालन भएकोमा विद्यार्थीको औसत अधिकतम उपस्थिति १४० दिन र न्यूनतम उपस्थिति १२५ पाइयो । यसबाट दिवा खाजाको प्रभावले विद्यार्थीहरू विद्यालयमा नियमित आउने, उत्प्रेरित भएर सिकाइमा लाग्ने, अपेक्षित व्यवहार हासिल गर्ने गरेको पाइयो । "बालविकास केन्द्रको व्यवस्थापन र दिवाखाजाको प्रभावले आफूले चाहेअनुसारको व्यवहार सिकाउन पाएको" सहजकर्ताले बताउनुभयो ।

### प्रारम्भिक बालविकास शिक्षाले सिर्जनात्मक विकासमा पारेको प्रभाव

बालविकास पाठ्यक्रमले खेल र वातावरणबाट अनुभवको माध्यमबाट बालबालिकामा अन्तर्निहित क्षमताको अभिवृद्धि गराई उनीहरूलाई भविष्यमा असल जीवनयापन गर्न सक्षम तुल्याउनुपर्छ । बालविकास पाठ्यक्रमको मूल उद्देश्य विविध मनोरञ्जनात्मक शिक्षण सिकाइ क्रियाकलापको माध्यमद्वारा चार र पाँचवर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरूको सर्वाङ्गीण विकास गरी उनीहरूलाई प्राथमिक विद्यालयका लागि तयार गराउने रहेको छ । उपयुक्त मूल उद्देश्य प्राप्तिका लागि पाठ्यक्रमले अघि सारेका अन्य उद्देश्यहरूलाई आधार मानेर प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाको सिकाइमा पारेको प्रभावको विश्लेषण गर्नु यस अनुसन्धानको एउटा उद्देश्य राखिएको छ । यसका लागि नमूना छनोटमा परेका बालबालिकाहरूको कक्षा भित्र र बाहिरको क्रियाकलापको प्रत्यक्ष अवलोकन र प्रश्नावलीमार्फत् प्राप्त जानकारीलाई विश्लेषण गरिएको छ । कक्षाकोठा अवलोकन गरेर बालबालिकाहरूको सरसफाइ गर्ने बानीको विकासको अवस्था, सुरक्षासम्बन्धी बानीको विकासको अवस्था, शिष्टाचार गर्ने बानीको विकासको अवस्था, प्राथमिक शिक्षाका लागि तयारी अवस्था, सामाजिक भावनाको विकासको अवस्था, सिर्जनात्मक विकासका अवस्थाको अवलोकनबाट प्राप्त सूचना र प्र.अ., सहजकर्ता र शिक्षक, अभिभावकबाट प्राप्त जानकारीको व्याख्या विश्लेषण गरिएको छ। अवलोकन गर्दा पाठ्यक्रमको आधारमा बालबालिकाहरूको सीप विकासको अवस्थालाई उत्तम, मध्यम र निम्न गरी तीन तहमा वर्गीकरण गरिएको छ । बालशिक्षाको अवसर प्राप्त गरेका र सो अवसर अप्राप्त बालबालिकाको अवस्थालाई अलग अलग तालिकामा प्रस्तुत गरिएको छ । बालबालिकाहरूको व्यवहार र सीपको अवलोकन गरी प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४ :** अवसर प्राप्त बालबालिकाहरूको व्यवहार र सीप विकासको अवस्था

| क.स. | विषयवस्तु | वि. स. | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न |
| १ | सरसफाइ गर्ने बानीको विकास | ८ | ४ | ३ |
| २ | सुरक्षासम्बन्धी बानीको विकास | १० | ५ | - |
| ३ | शिष्टाचार गर्ने बानीको विकास | १३ | २ | - |
| ४ | प्राथमिक शिक्षाका लागि तयारी अवस्था | १२ | ३ | - |
| ५ | सामाजिक भावनाको विकास | ९ | ४ | २ |
| ६ | सृजनात्मक विकास | ११ | ४ | - |

*स्रोत : स्थलगत, सर्वेक्षण २०८० ।*

मथिको तालिकाबाट बालशिक्षाको अवसर प्राप्त बालबालिकाहरूमध्ये आठ जना बालबालिकामा सरसफाइ गर्ने बानीको विकास उत्तम भएको, तीन जनाको निम्न रहेको पाइयो । त्यसैगरी उनीहरूमध्ये १० जनामा सुरक्षासम्बन्धी बानीको विकास उत्तम भएको, १३ जनामा शिष्टाचार गर्ने बानीको विकास उत्तम रहेको, नौ जनामा सामाजिक भावनाको विकास उत्तम रहेको, ११ जनामा सिर्जनात्मक विकासको अवस्था उत्तम रहेको र १२ जना बालबालिका प्राथामिक शिक्षाका लागि तयारीको उत्तम अवस्थामा पाइयो । प्रत्येक शीर्षकमा निम्न अवस्थामा रहेका बालबालिकाहरू अत्यन्तै नगन्य मात्रामा रहेको पाइयो ।

**तालिका ५:** अवसर अप्राप्त बालबालिकाहरूको व्यवहार र सीप विकासको अवस्था

| क.स | विषयवस्तु | वि.स. | | |
|---|---|---|---|---|
| | | उत्तम | मध्यम | निम्न |
| १ | सरसफाइ गर्ने बानीको विकास | १ | ८ | ६ |
| २ | सुरक्षासम्बन्धी बानीको विकास | ५ | ५ | ५ |
| ३ | शिष्टाचार गर्ने बानीको विकास | ३ | ५ | ७ |
| ४ | प्राथामिक शिक्षाका लागि तयारी अवस्था | ४ | ४ | ७ |
| ५ | सामाजिक भावनाको विकास | २ | ३ | १० |
| ६ | सृजनात्मक विकास | ४ | ३ | ८ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०८० ।*

माथिको तालिकाको विश्लेषण गर्दा बालशिक्षाको अवसर अप्राप्त बालबालिकाहरूमध्ये एक जना बालबालिकामा सरसफाइ गर्ने बानीको विकास उत्तम, आठ जनाको मध्ययम र छ जनाको निम्न रहेको पाइयो । त्यसैगरी उनीहरूमध्ये पाँच जनामा सुरक्षासम्बन्धी

बानीको विकास उत्तम भएको, तीन जनामा शिष्टाचार गर्ने बानीको विकास उत्तम रहेको, दुई जनामा सामाजिक भावनाको विकास उत्तम रहेको, चार जनामा सृजनात्मक विकासको अवस्था उत्तम रहेको र चार जना बालबालिका मात्र प्राथमिक शिक्षाका लागि तयारीको उत्तम अवस्थामा पाइयो । प्रत्येक शीर्षकमा उत्तम अवस्थामा रहेका बालबालिकाहरूको सङ्ख्या अत्यन्तै कम मात्रामा पाइयो ।

यसरी प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरूको व्यवहार र सीप विकास अवसर अप्राप्त बालबालिकाको भन्दा राम्रो देखिन्छ । प्रारम्भिक बालविकास पाठ्यक्रम २०६२ ले निर्दिष्ट गरेका उद्देश्यहरू सरसफाइ गर्ने बानीको विकास, सुरक्षासम्बन्धी बानीको विकास, शिष्टाचार गर्ने बानीको विकास, प्राथामिक शिक्षाका लागि तयारीको अवस्था, सामाजिक भावनाको विकास र सृजनात्मक विकास आदि सबै विधामा प्रारम्भिक बालविकास कार्यक्रमको अवसर प्राप्त बालबालिकाहरू सो अवसर अप्राप्त बालबालिकाभन्दा धेरै अगाडि रहेको पाइयो । प्रारम्भिक बालविकास कक्षामा रहँदादेखि नै एक अर्कालाई सहयोग गर्ने, समूहमा मिलेर बस्ने , सामूहिक खेलहरू खेल्ने गर्दै आएका कारण कक्षा एकमा पनि उनीहरूमा ती गुणहरू बढी देखिएका हुन् ।

बालबिकास केन्द्रका सहयोगी कार्यकर्ताका अनुसार पनि प्रारम्भिक बालशिक्षा प्राप्त बालबालिकाहरू अन्य भन्दा सबै क्षेत्रमा अब्बल रहने गरेका छन् । कक्षा एकमा पढ्ने बाल शिक्षा प्राप्त विद्यार्थीहरू अनुशासित, मिलेर बस्ने, पढाइमा ध्यान दिने, सिकाएको कुरा चाँडो बुझ्ने, सृजनात्मक कार्यमा अग्रसर रहने तर सोझै कक्षा एकमा आउने बालबालिकाहरू विद्यालयमा बस्न मन नगर्ने, साथीहरूसँग झगडा गर्ने, भनेको नमान्ने, गृहकार्य, कक्षाकार्य नगर्ने कुरा सहजकर्ताले बताउनुभयो । सिकारुमा राम्रा बानीको विकास गरी नराम्रा बानीलाई हटाउने विषयमा प्याभलभको सिद्धान्त प्रभावकारी भएको परिप्रेक्ष्यमा यस अनुसन्धानलाई सोही ढाँचामा केन्द्रीत गर्नु सान्दर्भिक भएको छ । प्रारम्भिक बालविकास कार्यक्रमले बालकालिकामा राम्रा राम्रा बानीहरू विकासमा सहयोग गरेको छ । साना उमेरका नानीहरूलाई राम्रो बानीको विकास गर्न विभिन्न प्रेरणा र पुनर्बलहरू प्रदान गरिएको हुन्छ र त्यसले उनिहरूको भावि जीवनमा समेत सकारात्मक प्रभाव छोड्ने गर्दछ ।

## निष्कर्ष र सुझावहरू

### निष्कर्ष

प्राप्तिको छलफलका आधारमा निम्नअनुसार निष्कर्ष निकालिएको छ । प्रारम्भिक बालविकासमा सहजकर्ताले उत्प्रेरक, स्वास्थ्यकर्मी संरक्षक, सहयोगी एवम् समन्वयकर्ताको रूपमा राम्रो भूमिका खेलेका छ । सरोकारवालाहरू सहजकर्ताको भूमिकाबाट सन्तुष्ट रहेका छन् । त्यसैगरी बालविकास कक्षाहरूको सञ्चालनको वर्तमान अवस्था हेर्दा मन्टेश्वरी पद्धति र किन्डर गार्डेन पद्धतिसँग पूर्णरूपमा उपयोगमा आउन सकेको छैन ।

बालविकास सहजकर्ता बालबालिकाको चौतर्फी विकासका निम्ति सहजकर्ता मात्र नभई बालबालिकाका हरेक सकारात्मक क्रियाकलापको उत्प्रेरक, सफल योजनाकार र व्यवस्थापक, योग्य स्वास्थ्यकर्मी, यसका हरेक समस्या समाधानका लागि समन्वयकर्ता, बालबालिकाको सम्पूर्ण रूपमा केन्द्रमा रहन्जेल र केन्द्र बाहिर रहँदा पनि उचित तरिकाबाट संरक्षक, सहयोगीका रूपमा रहनुपर्ने साथै बालकले आफ्नो परिवारभन्दा धेरै सहजकर्ताको विश्वास गरेको हुनाले थप जिम्मेवारी बढेको देखिन्छ । सहजकर्ताले आफ्नो व्यक्तिगत भूमिका मात्र नभई अन्य व्यवस्थापन गरी बालकका इच्छा, चाहना र आवश्यकताअनुसारको वातावरण निर्माण गरी शिक्षण गर्नुपर्ने देखिन्छ । शौचालयको उचित प्रयोग र सरसफाइ रहने बानी बसालेको, दिवा खाजाको व्यवस्थापन, खाजा खाँदा र खाइसकेपछिको सरसफाइ, खाजाको समयतालिका, स्वस्थ्यकर खाजा छनोटमा सहयोग गरेको देखिन्छ भने केन्द्र व्यवस्थापन समिति, अवस्थित समुदाय, अभिभावक साथै मातृ विद्यालय र स्थानीय निकायले खेल मैदान, खेल सामग्री, कक्षा कोठा र कक्षा कोठाको व्यवस्थापनमा सहयोग र चासो राखी भौतिक पूर्वाधार पूरा गर्न नसकेका केन्द्रमा बालमैत्री भौतिक पूर्वाधार निर्माण गर्न सम्बन्धित निकाय तत्पर हुनुपर्ने देखिन्छ । समग्र शैक्षिक उपस्थिति र शैक्षिक उपलब्धि बालविकास केन्द्रको अवसर प्राप्त भएका कारण अपेक्षित उपलब्धि हासिल भएको देखिन्छ । यसर्थ सम्पूर्ण बालबालिकालाई अनिवार्य प्रारम्भिक बालविकासको अवसर दिनुपर्ने देखिन्छ । बालबालिकाको सिर्जनात्मक र व्यावहारिक उपलब्धि बढी प्राप्त गर्न बालविकास केन्द्रको सर्वसुलभता र उपयुक्त व्यवस्थापन हुनुपर्ने देखिन्छ ।

बालविकास केन्द्रमा सहजकर्ताका केही समस्या पनि देखिन्छन् । कम वेतन, तालिमको अपर्याप्तता, अभिभावक शिक्षाको कमी, निरीक्षण सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमनमा उदासिनता देखिन्छ । यस्ता समस्या समाधानका लागि सम्बन्धित निकाय, मातृ विद्यालय, समुदाय, अभिभावक र सहजकर्ता संयुक्त रूपमा आफ्ना समस्या बुझी बेलैमा उचित व्यवस्थापनबाट हल गर्नुपर्ने देखिन्छ ।

### सुझावहरू

समग्रमा भन्दा बालशिक्षा सञ्चालन गर्ने बालविकास केन्द्र र विद्यालयको भौतिक तथा शैक्षिक वातावरण पूर्ण बालमैत्री नभएकोले बालकक्षालाई आवश्यक फर्निचर, खेल सामग्री, बाल उद्यान, खेल मैदानको व्यवस्था गर्नुपर्दछ र दिवाखाजा कार्यक्रमलाई अझ प्रभावकारी रूपमा कार्यान्यवयन गरिनुपर्दछ । प्रारम्भिक बालशिक्षाको अवसर प्राप्त र अप्राप्त बालबालिकाको बीचमा तुलना गर्दा अवसर प्राप्त बालबालिकाको विविध क्षेत्रको उपलब्धि राम्रो पाइएकोले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास कक्षामा अध्ययन गर्ने वातावरण तयार गर्नुपर्दछ ।

यस अध्ययनबाट बालविकास सहजकर्ताको भूमिका वृद्धिका लागि उत्प्रेरणा दिनुपर्ने, बालबालिकाको सर्वाङ्गीण हितका लागि बालमैत्री शिक्षण सामग्री तथा भौतिक व्यवस्थापन गर्नुपर्ने, बालविकास सहजकर्तालाई तालिमको व्यवस्था गर्नुपर्ने, बालविकास केन्द्रमा नियमित अनुगमनको व्यवस्था गर्नेपर्ने, बालविकास केन्द्रको दिवा खाजा तथा अन्य व्यवस्थापनका निम्ति थप सहजकर्ताको व्यवस्था गर्नुपर्ने, बालबालिकालाई अनिवार्य प्रारम्भिक बालविकास केन्द्रमा भर्ना गराउनका लागि अभिभावकलाई उत्प्रेरणा दिने, शैक्षिक सामग्रीको पर्याप्तता तथा सहजकर्ताको पारिश्रमिक वृद्धिका लागि स्थानीय निकायलाई सुझाव दिने, सहजकर्तामा पर्याप्त तालिम नभएको पाइएकोले पर्याप्त तालिम नभए पनि आफै जिज्ञासु भई आफ्नो अनुभवबाट प्राप्त ज्ञानलाई भरपुर प्रयोग गरी सिकाइ सहजीकरण गर्नुपर्ने, समुदायमा हुने विभिन्न सांस्कृतिक क्रियाकलाप, पर्व, मेला र अवसरमा बालबालिकालाई अवलोकन गराई व्यावहारिक ज्ञान दिनुपर्ने जस्ता सुझाव रहेका छन् ।

**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:**

I declare that this work has been ethically conducted.

### सन्दर्भग्रन्थ सूची

अधिकारी, तोयानाथ (२०७४), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* क्वेस्ट पब्लिकेसन ।

अधिकारी, विष्णुप्रसाद (२०६९/०७०), *निम्न माध्यमिक तथा माध्यमिक शिक्षक दिग्दर्शन* : आशिष बुक्स हाउस प्रा.लि. । अर्याल, शशी (२०६३), *शैक्षिक सूचना सँगालो, वर्ष १, अङ्क १,* शिक्षा विभाग, शिक्षा तथा खेलकूद मन्त्रालय ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* अक्षर क्रियसन्स नेपाल ।

खड्का, सावित्री (२०७४), *बालविकास केन्द्रमा कार्यरत सहजकर्ताका पेसागत सीप कार्यन्वयनका अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय : शैक्षिक योजना तथा व्यवस्थापन विभाग ।

खनाल, पेशल (२०७१), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

जबरा, स्वयप्रकाश (२०७७), *बालविकास र सिकाइ,* विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गाना, हेमन्त (२०७२), *बालविकास केन्द्रको भौतिक अवस्था एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र : पाठ्यक्रम तथा मूल्याङ्कन विभाग ।

तिमिल्सेना, विनोद खण्ड (२०६७), *शैक्षिक मनोविज्ञान,* सनलाइट पब्लिकेसन ।

नेपाल सरकार (२०६७),*गुणस्तरीय शिक्षाका लागि विद्यालय प्रारूप (२०६७)* : शिक्षा मन्त्रालय ।

पाविके (२०७६),*प्रारम्भिक बालविकास पाठ्यक्रम प्रारूप,* (२०७६) : पाठ्यक्रम विकास केन्द्र ( पाविके ) ।

पाविके (२०७६),प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन निर्देशिका, २०७६) : पाठ्यक्रम विकास केन्द्र ।

पाविके(२०७६),*राष्ट्रिय पाठ्यक्रम प्रारूप* (२०७६), पाठ्यक्रम विकास केन्द्र ( पाविके ) ।

युनिसेफ (२०१९), *नेपालमा युनिसेफ : पाँच दशकको साझेदारी,* युनिसेफ नेपाल ।

शर्मा चिरञ्जीवी र शर्मा, निर्मला (२०५६), *प्रारम्भिक बाल्यावस्था विकासको आधार,* एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा, चिरञ्जीवी (२०६७) *शिक्षाका आधारहरू* : एम के पब्सिर्स एण्ड डिस्ट्रिब्युटर्स ।

शर्मा चिरञ्जीवी र शर्मा, निर्मला (२०७४), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* एम.के. प्रकाशन ।

सिंह, नागेश्वर (२०७४), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* पैरवी प्रकाशन ।

### Author's Bionotes

Shiva Prasad Paudel is an Assistant Professor of Curriculum and Evaluation at Tribhuvan University, Nepal. He has contributed a number of articles related to the Education, Curriculum and Evaluation.